# बालमैत्री स्थानीय शासन कोष सञ्चालन निर्देशिका २०७२

## पहिलो संसोधन २०७४

प्रकाशक :

सामाजिक विकास शाखा

दशरथचन्द नगरपालिका

गडी,बैतडी

७ नं.प्रदेश



तयार गर्ने

विनोद व. चन्द शा.वि.शा प्रमुख

शंकर भट्ट जि.शि.का प्रतिनिधि

घनश्याम भट्ट जि.खा.पा. प्रतिनिधि

रिजु वराल MCFLG सदस्य

संजिव ज्ञवाली ICT

## बालमैत्री स्थानीय शासन कोष सञ्चालन निर्देशिका, २०७२

### पहिलो संसोधन २०७४

**प्रस्तावना**

बालबालिकाहरुको समग्र विकास र बालबालिकाहरुलाई राज्य संग प्रत्यक्ष जोड्न बालबालिकामा सकारात्मक लगानी, अर्थपुर्ण सहभागिता का लागी यस दशरथचन्द नगरपालिका द्वारा २०७० साल देखि बालमैत्री स्थानीय शासन अवलम्वन गर्न संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय र यूनिसेफको सहयोगमा यस न.पा. का १३ वटै वार्डमा कार्यक्रम संचालन गदै आईरहेको र हाल स्थनीय निकाय पुर्नसंरचना भए पश्चात यस न.पा. मा थप भएका गुरुखोला गा.वि.स., देहिमाण्डौ गा.वि.स.,दुर्गाभवानी गा.वि.स., ग्वाल्लेक गा.वि.स., नागार्जुन गा.वि.स.र दुर्गास्थाान गा.वि.स. का केहि वडाहरु यस न.पा. मा मर्ज भई हालका वडा नं. १,२,३,९र ७ मा समेत कार्यक्रम सञ्चालन गर्दै बाल विकास, बाल सहभागिता, बाल संरक्षण, बाल बचाउ जस्ता महत्वपुर्ण विषयमा बालबालिका तथा सरोकारवाला संग समन्वय गरी न.पा. का हालका ११ वटै वडाहरुमा बालमैत्री स्थानीय शासन कार्यविधी २०६८ लाई अवलम्बन गरी कार्य गर्दै आईरहेको छ, यसै सन्दर्भमा बालबालिकाहरुका लागि नगरमा बालबालिका सम्बन्धि कार्यक्रम सञ्चालन गर्न बालबालिकाहरुको छुट्टै कोष स्थापना गरी सो को प्रभावकारी कार्यान्वयन गर्नका लागि बालमैत्री स्थानीय शासन कोष २०७२ पहिलो संसोधन २०७४ स्थापना गरी २०७४।९।२५ गते बसेको नगर सभाबाट स्वीकृत भई लागु गरिनेछ ।

## परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ :**

क) यस निर्देशिकाको नाम **" बालकोष २०७२ " (पहिलो संसोधन २०७४)** रहने छ।

ख) यो निर्देशिका दशरथचन्द नगरपालीका नगरसभाबाट अनुमोदन भएको मितिदेखि लागु हुनेछ।

२. **परिभाषा :-**

**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,**

क) **बाल कोष सञ्चालन "निर्देशिका" २०७२ पहिलो संसोधन २०७४** लाई सम्झनु पर्छ।

ख) **"समन्वय समिति"** भन्नाले बालमैत्री नगर समितिलाई सम्झनु पर्छ।

ग) **"बालसमुह"** भन्नाले स्थानीय सामुदायीक संस्था, वा अन्य गैर सरकारी निकायले विभिन्न उद्देश्का लागि गठन गरेका बाल समूह र बाल क्लबलाई सम्झनु पर्छ।

घ) **"अध्यक्ष, सचिव र सदस्य"** भन्नाले यस बाल कोष सञ्चालक समितिको अध्यक्ष, सचिव, र सदस्यलाई सम्झनु पर्छ।

ङ) **"स्थानीय तह"** भन्नाले नगरपालिकालाई जनाउनेछ।

च) **"सहजकर्ता"** भन्नाले बालमैत्री स्थानीय शासन **(CFLG)** कार्यक्रम नगरमा हेर्ने सहजकर्तालाई बुझ्नु पर्ने छ।

छ) **'समुदाय परिचालन"** भन्नाले बालबालिका मैत्री तथा महिलाको अवस्थामा सकारात्मक परिवर्तन ल्याउन नगरमा समुदाय सशक्तिकरण तथा परिचालनको कार्य (हाल लाई सामाजिक परिचालन कार्यक्रम अर्न्तगत रहेका सामाजिक परिचालकहरु) सम्झनुपर्छ।

ज) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ लाई जनाईनेछ।

झ) **"कोष"** भन्नाले बाल कोष २०७२ र पहिलो संसोधनलाई २०७४ लाई सम्झनुपर्छ।

ञ) **"लेखापरिक्षण"** भन्नाले **बाल कोष २०७२** पहिलो संसोधन २०७४ अन्तर्गत स्वीकृत कार्यक्रमको लागि गरिएको आर्थिक कारोबार वा खर्चको वार्षिक आन्तरिक र अन्तिम लेखापरिक्षणलाई सम्झनुपर्छ।

ट) **"लक्षीत समुह"** भन्नाले १८ वर्ष मुनिका बालबालिकाहरुलाई सम्झनुपर्छ।

## परिच्छेद २

**बालमैत्री स्थानीय शासन कोष २०७२ र पहिलो संसोधन २०७४ को उद्देश्य देहाय बमोजिम हुनेछ :**

क) बालबालिकाहरुको बांच्न पाउने अधिकार, संरक्षणको अधिकार, बाल विकासको अधिकार र सहभागीताको अधिकार प्रवर्द्धन हुने कार्यक्रम संचालनका लागि आवश्यक कोषको स्थापना गर्ने।

ख) न.पा.लाई बालमैत्री नगर घोषणा गरी बाल बालिकाहरुको सवै अधिकार परिपुर्ति गर्ने र नपामा संचालन हुने योजनाहरु बालमैत्री तथा लैङ्गिक मैत्री बनाउन सहयोग गर्ने ।

ग) बालबालिहरुको निर्णायक तहमा अर्थपूर्ण सहभागिताको लागि क्षमता अभिबृद्धि तथा शसक्तिकरणका कार्यक्रमहरु संचालन गर्ने ।

घ) नगरपालीकाको योजना तर्जुमा प्रक्रिया भन्दा अगाडी वडा स्तरमा बालबालिकाहरुको बाल भेला संचालन गर्ने र ती योजनाहरुलाई प्राथमीकता सहित स्थानीय तहको योजनामा समावेश गराउने प्रक्रियालाई सुनिश्चित गर्ने ।

ङ) बाल अधिकारको सुनिश्चितताको लागी बालमैत्री सम्वन्धी विभिन्न अभियान, नियमित बैठक, भित्ते पत्रिका प्रकाशन, बालपार्क निर्माण, गरिव, टुहुरा तथा जेहेन्दार, बालबालिकालाई छात्रवृत्ति, बाल विपत व्यवस्थापन, बालबालिकाको स्थिति पत्र र नगर क्षेत्रभित्र भएका हिंसाजन्य क्रियाकलाप जस्ता क्षेत्रहरुलाई प्रवर्द्धन गर्ने वा सहयोग गर्ने ।

## परिच्छेद ३

## कोष स्थापना सम्वन्धी व्यवस्था

**३.१. बाल कोष २०७२ पहिलो संसोधन २०७४ सञ्चालक समिति गठन :**

स्थानीय विकास मन्त्रालयले तयार पारेको बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि २०६८ को परिच्छेद ६ को दफा २७ अनुसार नगर स्थित **बालमैत्री स्थानीय शासन कोष** समन्वय समिति को गठन गरिनेछ र यो कोषमा वढिमा ७ जना सदस्यहरु रहनेछन् ।

| | |
|---|---|
| क) नगर उपप्रमुख | –अध्यक्ष |
| ख) प्रमुख प्रशाशकिय अधिकृत | –सदस्य |
| ग) नगर बाल संजाल बाट २ जना ( १ बालक र १ बालिका) | –सदस्य |
| घ) बाल बालिकाहरुको क्षेत्रमा काम गरीरहेको र नगरले मनोनयन गरेको गैसस बाट १ जना | –सदस्य |
| ङ) नगर कार्यपालिका सदस्य मध्येबाट १ जना दलित | –सदस्य |
| च) सामाजिक विकास शाखा वा नपाले तोकेको बालमैत्री कार्यक्रम हेर्ने फोकल पर्सन | - सदस्य सचिव |

## परिच्छेद ४

## पदाधिकारीहरुको काम कर्तव्य र अधिकार

**४.१ अध्यक्षको काम कर्तव्य र अधिकार:**

यस कोष परिचालन समन्वय समितिको अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) बालमैत्री तथा लैङ्गिक मैत्री उद्देश्य प्रप्तीकालागि नेतृत्व प्रदान गर्ने ।

ख) कोष सञ्चालन समितिबाट पारित निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

ग) कोष सञ्चालन समितिको बैठकको अध्यक्षता गर्ने ।

घ) कोषको प्रभावकारी तथा उचीत परिचालनकोलागि नियमीत रुपमा समितिको बैठक संचालन गर्ने र योजनाहरु कार्यान्वयन गर्नकालागि सहजीकरण गर्ने ।

ङ) नगरस्तरका सरोकारवाला निकायहरुसँग समन्वय र सहकार्य गरी नगर बालमैत्री सुचकहरु पुरा गर्ने वातावरण तयार गर्ने ।

च) नगर स्तरमा हुने कार्यक्रमहरुमा समितिको तर्फबाट प्रतिनीधित्व गर्ने गराउने ।

छ) वडाको हितको लागी अन्य आवश्यक कार्यहरु गर्ने गराउने ।

**४.२ सदस्य सचिवको काम कर्तव्य र अधिकार:**

सदस्य सचिवको काम कर्तव्य देहाय बमोजिम हुनेछ :

क) अध्यक्षको निर्देशनमा समितिको बैठक बोलाउने ।

ख) बैठकको कार्यसूची तयार गर्ने, सूचना गर्ने तथा निर्णय पुस्तिकामा उतार्ने ।

ग) कार्यक्रमको प्रगति प्रतिवेदन तथा आगामी कार्यक्रमबारे योजनाको मस्यौदा तयार गर्ने, कार्य समितिको बैठकमा प्रस्तुत गर्ने र सम्बन्धित निकायमा पेश गर्ने ।

घ) कार्य समितिबाट पारित निर्णयहरुको कार्यान्वयन गर्ने गराउने ।

ङ) कोषको आर्थिक हिसाव किताव दुरुस्त राख्ने र आन्तरिक लेखा परिक्षण गराउने ।

च) कार्यक्रमसँग सम्बन्धित गोष्ठी, अनुशिक्षण, तालिम र समीक्षामा सहभागिलाई आफ्नो तर्फबाट प्रस्तुत गर्ने ।

ज) अध्यक्षको निर्देशनमा अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद ५

## आर्थिक व्यवस्था

**५.१. कोषको व्यवस्था सम्बन्धमा**

बालबालिका केन्द्रित कार्यक्रमलाई दिगो तथा प्रभावकारी रुपमा सञ्चालन गर्न नगरपालिकाको कार्यालय अन्तर्गत रहने गरी **"बाल कोष (Child Grant Fund)" को** व्यवस्था हुनेछ। कोषको सञ्चालनको जिम्मेवारी कोष परिचालन समिति एवं नगर कार्यपालिकामा निहित रहनेछ।

**५.२. कोषको आर्थिक व्यवस्थाः**

कोषको आर्थिक व्यवस्था देहाय बमोजिम हुनेछः

क) नगरपालिकाले बार्षिक रुपमा बालबालिकाका लागि विनियोजन गरेको अनुदान रकम मध्येबाट केहि रकम

ख) दातृ निकाय, सरकारी तथा गैर सरकारी निकायबाट प्राप्त हुने रकम।

ग) नीजि क्षेत्रबाट प्राप्त हुने चन्दा, अनुदान तथा सहयोगबाट प्राप्त हुने रकम।

घ) व्यक्तिगत रुपबाट प्राप्त गरिने चन्दा तथा अनुदान रकम।

ङ) नगर सभाबाट बालमैत्री स्थानीय शासन तथा बालबालिका लक्षित कार्यक्रमको लागि विनियोजन गर्ने समपुरक तथा अनुदान कोष रकम। तर यसरी प्राप्त अनुदान रकम मध्ये एकै आर्थिक वर्षभित्र खर्च गर्नुपर्ने रकमको हकमा भने विनियोजित रकम सोही आर्थिक वर्षमा समितिको निर्णयानुसार खर्च गर्नुपर्नेछ।

च) बालमैत्री स्थानीय शासन **(CFLG)** को लागि विनियोजन गरिएको समपुरक कोष बापतको रकम।

**५.३. कोषको परिचालन तथा व्यवस्थापन प्रक्रियाः**

कोषको सञ्चालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछ :

**५.३.१ कोषको सञ्चालनः**

१) कोषमा जम्मा भएको रकम स्थानीय तहको नगर सभाबाट स्वीकृत गराई बालमैत्री योजनाको कार्यान्वयन गर्ने कार्यमा खर्च गरिनेछ।

२) बाल कोषको सञ्चालन बैंक खातावाट हुनेछ र कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र न.पा. का लेखाप्रमुख र सामाजिक विकास तथा वातावरणिय शाखा प्रमुखको संयुक्त हस्ताक्षर मार्फत हुनेछ।

३) कोषमा उपलब्ध रकम समुदाय परिचालनको कार्य बाहेक कोष परिचालन समितिको निर्णय अनुसार बालबालिकाहरुकालागि आवश्यक कार्यक्रम, गोष्ठी, एवं क्षमता अभिबृद्धि तालिम, छात्रवृत्ति, बालविकासकेन्द्र, हिसांमा परेका बालबालिकालाई पुर्नस्थापनका लागि खर्च गर्न सकिनेछ। तर यसरी खर्च गर्दा बैठक भत्ता जस्ता विषयहरुमा यो रकम खर्च गर्न पाईनेछैन।

४) समुदायमा आधारित सुरक्षित मातृत्वका लागि निगरानी समूह, सामुदायिक सँस्थाहरु एवं बाल क्लबमा कोषको रकम खर्च गर्न सकिनेछ।

५) कोषमा जम्मा भएको रकम परिचालनकालागि बालमैत्री स्थानीय शासन नगर समिति, नगर कार्यपालिकाले बाल मैत्री स्थानिय शासन प्रवर्द्धनहुने खालका वार्षिक योजनाहरु बनाई नगर सभा वा नगर कार्यपालिका बोर्ड बाट स्वीकृतगरी मात्र खर्च गर्न पाउनेछ ।

६) बालमैत्री स्थानीय शासनको कार्यक्रम सञ्चालनको लागि नगरपालिकाले एक छुट्टै खाता वा लेजर खडा गर्नु पर्नेछ ।

७) कोषको लेखा परिक्षण नेपाल सरकारको नियमावली र नगरपालिकाको नियमाअनुसार प्रत्येक वर्ष गर्नुपर्नेछ ।

८) घरेलु तथा लैङ्गिक हिंसाबाट पिडित भएका बालबालिकाहरुको उद्धार तथा स्याहार (छोटो अवधि बढीमा ७ दिनसम्म) मा पनि सम्बन्धित वडा, विद्यालय आदिको सिफारिश प्राप्त भएपछि कोष परिचालन समितिको निर्णय बमोजिम खर्च गर्न सकिनेछ ।

९) आपतकालिन अवस्थाहरु (दैवि प्रकोप, सरुवा रोगको महामारी) आदि अवस्थामा बालबालिकालाई जोखिमबाट बचाउनको लागि पनि कोष परिचालन समितको निर्णय अनुसार खर्च गर्न सकिनेछ ।

## परिच्छेद ६

## विविध

### ६.१. समितिको बैठक बस्ने व्यवस्था

क) बालमैत्री स्थानीय शासन कोष परिचालन समितिको बैठक आवश्यकता अनुसार जुनसुकै बेला पनि बस्न सक्नेछ ।

ख) बैठकका निर्णयहरु दुई तिहाई सदस्यहरुबाट पारित भएको हुनुपर्ने छ ।

### ६.२ लेखापरिक्षण

क) बालमैत्री स्थानीय शासन कोषबाट भएका खर्च तथा आर्थिक कारोबारको वार्षिक रुपमा लेखापरिक्षण गराउनुपर्ने छ । तर समितिको निर्णयले आवश्यक ठानेमा चौमासिक रुपमा आन्तरिक लेखापरिक्षण गराउन सक्नेछ ।

ख) यसरी लेखापरिक्षण गराउने हकमा नगरपालिकाको आन्तरिक लेखापरिक्षक भएको अवस्थामा आन्तरिक लेखापरिक्षकबाट गराउनुपर्ने छ ।

### ६.३ नगरपालिकाको भूमिका

बालमैत्री स्थानीय शासन कोषबाट खर्च हुने रकमलाई बढी उपलब्धीमूलक र व्यवस्थित गर्न तथा आर्थिक अनुशासन कायम राख्न नगरपालिकाले देहायका भूमिका निर्वाह गर्ने छ :

क) यस कोषबाट सञ्चालन हुने कार्यक्रमको योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन प्रक्रियामा लैङ्गिक समानता, सामाजिक समावेशीकरण, वातावरणीय प्रवर्द्धनलाई ध्यन दिए नदिएको सुनिश्चित गर्ने ।

ख) बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि बालबालिकाहरुको क्षमता अभिवृद्धिकालागि सरोकारवाला निकायहरु सँग समन्वय गरि कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने र गर्न लगाउने ।

ग) बालबालिका सम्बन्धि सञ्चालित गतिविधिहरुको वार्षिक प्रगति प्रतिवेदन तयार गरे वा नगरेको अनुगमन गरि सम्बन्धित निकायलाई तयार गर्न लगाउने ।



६.४ अनुगमन तथा मुल्यांकन

१) बालघट सञ्चालन हुने कार्यक्रमको अनुगमन तथा मुल्यांकन नगर कार्यपालिका एवं बालमैत्री स्थानीय शासन सग सम्बन्ध समितिका पदाधिकारीहरुले गर्नेछन् ।

२) अनुगमन तथा मुल्यांकन गर्ने क्रममा भएका खर्च एवं प्रगतिको विवरण नगर कार्यपालिका तथा नगर प्रमुखमा पेश गरिनेछ ।

३) अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन अनुगमन तथा मुल्याङ्कन निर्देशिका र प्रतिवेदन ढाँचा अनुसार तयार पारि बालमैत्री स्थानीय शासन नगर कार्यपालिकामा पेश गरिनेछ ।

**६.५ खारेजी वा बचाउ**

१) यस निर्देशिकामा लेखिएका कुनै कुराहरु प्रचलित कानुनसंग बाझिएमा बाझिएको कुराहरु स्वतः खारेज हुनेछन् ।

२) यो निर्देशिका बालकोष सञ्चालक समितिको सिफारिसमा नगर कार्यपालिकाले गर्न सक्नेछ